हेटौँडा उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हेटौँडा, मकवानपुर

निशुल्क गृहिणी महिला लेखा तालिम सञ्चालन सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८३।०८।०४ गते)

हेटौँडा उपमहानगरपालिकाको आर्थिक सहयोग र नेशनल एलायन्स अफ मास्टर एजुकेटर्स इन्स्टिच्युट प्रा.लि. को आयोजनामा चालू आ.व. २०८३।०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सीपमूलक तालिम प्रदान गरी स्वरोजगार सिर्जना गर्ने उद्देश्यले निःशुल्क रुपमा सञ्चालन गरिने ३६० घण्टे गृहिणी महिला लेखा तालिममा सहभागिताका लागि तपसिल बमोजिमको योग्यता भएका ईच्छुक व्यक्तिहरुले तपसिलमा उल्लेख भए बमोजिमको कागजात समावेश गरी प्रथम पटक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा तोकिएको ढाँचामा आवेदन पेश गर्नुहुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

तालिमको नाम	: गृहिणी महिला लेखा तालिम
तालिम अवधि	: ३६० घण्टा
सिट संख्या	: ३० जना मात्र
लक्षित समूह	: हेटौँडा उपमहानगरपालिकामा बसोवास गरेका बेरोजगार गृहिणी महिला

आवश्यक योग्यता :

- नेपाली नागरिकताको प्रमाणपत्र भएको,
- २० वर्ष पूरा भई ४० वर्ष ननाघेको,
- कक्षा १२ उत्तीर्ण भएको र यस पेशाप्रति ईच्छुक व्यक्ति,
- यस उपमहानगरपालिका क्षेत्रभित्र बसोवास गर्ने,
- शारीरिक र मानसिक रुपमा स्वस्थ ।

संलग्न गर्नुपर्ने कागजातहरु :

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ थान,
- पासपोर्ट साइजको फोटो १ थान,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति,
- तोकिएको ढाँचामा पूर्णरुपमा भरिएको आवेदन फारम ।

आवेदन दिने अन्तिम मिति :

२०८३।०८।१० गतेसम्म कार्यालय समयमा ।

छनौट प्रकृया- प्रारम्भिक सूची/अन्तरवार्ता ।

आवेदन बुझाउने स्थान :

हेटौँडा उपमहानगरपालिका उद्योग तथा वाणिज्य शाखा (चौथो तल्ला)
तथा नेशनल एलायन्स अफ मास्टर एजुकेटर्स इन्स्टिच्युट प्रालि, हेटौँडा-४
सम्पर्क नं.- ९८५५०२४११७ (किशोर अर्याल), ९८४५०३०४७० (दिपेन्द्र ढकाल)